## नेपाल सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी, प्रदर्शनी मार्ग, काठमाडौंले चीनबाट खरिद गरी ल्याउने अमेरिकी डलर २८,२०० २९ (अट्ठाइस हजार दुई सय, सेन्ट उनन्तीस) मूल्य बराबरको ब्लड ब्याग र ब्लड ट्रान्सफ्यूजन सेट आयातमा लाग्ने मूल्य अभिबृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेलको लागि Novartis Pharma AG, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने CHF ११,२०,०००.०० (एघार लाख बीस हजार) मूल्य बराबरको Glivec औषधीहरू आयातमा भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर लगायत सबै राजस्व छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी कोरिया सरकारको अनुदान सहयोगमा बुटवलमा स्थापना हुने Koria-Nepal Institute of Technology को लागि रू. १६,१८,३७,५३८।– (सोह्र करोड अठार लाख सैंतीस हजार पाँच सय अड्तीस) मूल्य बराबरको सामग्रीहरू आयात गर्दा September 5, 2008 मा सम्पन्न Memorandum of Understunding (MOU) बमोजिम एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र अन्य कर तथा शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी सुष्मा कोइराला मेमोरियल प्लाष्टिक सर्जरी अस्पताल को लागि Globle Compassion, UK बाट उपहार स्वरुप प्रदान





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिने स्टर्लिङ्ग पाउण्ड ५०,०००.००(पचास हजार)मूल्य बराबरको स्वास्थ्य सामग्री आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ्ग अन्तर्गत वातावरणीय अध्ययन सम्बन्धी परियोजनाको लागि Macrolt Supplies Col, Singapore बाट प्रदान गरिने अमेरिकी डलर ६,४००.०० (नौ हजार चार सय) मूल्य बराबरको Hp Proliant DL 165 Heneratrion 6 (G6) Server थान दुई आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी कास्की जिल्ला, चिल्ड्रेन नेपाल (श्रमिक बालबालिकाहरूको सामाजिक एकीकरण मञ्च, मासवार, पोखरा) ले जिल्लाका विभिन्न सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई वितरण गर्नको लागि Paris Papeleria Tecnicale Information, S. L. Spain बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकन डलर ३० (तीस) मूल्य बराबरको स्टेशनरी सामानहरू आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी सिन्धुपाल्चोक जिल्ला स्थित Village Environment Community, Gangkharka नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित श्री पासाङ्ग मेमोरियल कम्यूनिटी बोर्डिङ्ग स्कूलका विद्यार्थीहरूलाई वितरण गर्नका लागि Poland बाट उपहार स्वरुप प्रदान गरिने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अमेरिकी डलर ९,८२०.०० (नौ हजार आठ सय बीस) मूल्य बराबरको लत्ता, कपडा, जुत्ता, पेन, नोटबुक सामाग्रीहरू आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिबृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वावलम्बी समाज विकास संस्था, काठमाडौं नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमको लागि The Gorkha Foundatiou, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ९,०००.०० (नौ हजार) मूल्य बराबरको स्वास्थ्य सामाग्री, कम्प्यूटर र स्टेशनरीहरू आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,<br>
भेषराज शर्मा<br>
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.प.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

५५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।